नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौ

**वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८२/०७/२५

यस कार्यालयबाट देहायबमोजिमका विशेषता रहेको वैदेशिक रोजगार बचतपत्र – २०८७ (NPFB05002087) निष्काशन गरिने भएकोले वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपाली बाट बचतपत्र खरिदको लागि आवेदन आव्हान गरिएको छ।

**१. विशेषताहरू**

| | | |
|---|---|---|
| क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र-२०८७ (NPFB05002087) (५ वर्षे) |
| ख) निष्कासन हुने रकम | : | रु. ५०,००,००,०००।० (अक्षरेपी पचास करोड मात्र) |
| ग) वार्षिक ब्याजदर | : | ७.५ प्रतिशत |
| घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुने। (आयकर लाग्ने) |
| ङ) खरिद गर्न पाउने सीमा | : | घटीमा रू. दश हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा। |
| च) लगानी (खरिद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफु वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सक्ने। |
| छ) दोस्रो बजार तथा धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने र कार्यालयले प्रयोगमा ल्याएको **DOMS** र **Investor Portal** बाट दोस्रो बजार कारोबार गर्न सकिने। |

**२. बिक्री, निष्कासन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| क) बिक्री खुला हुने अवधि | : | २०८२ कार्तिक २५ गते बिहान १० देखि २०८२ मंसीर २५ गते अपरान्ह ४ बजेसम्म *(कुल निष्कासित रकम बराबर आवेदन प्राप्त भएपछि अन्तिम मिति अगावै बचतपत्रको बिक्री बन्द हुनेछ।)* |
| ख) निष्काशन मिति | : | २०८२ मंसीर २८ गते (ढिलोमा) |
| ग) साँवा भुक्तानी मिति | : | २०८७ मंसीर २८ गते |

**३. अन्य व्यवस्था**

| | |
|---|---|
| क) आवेदन फारम भर्ने तथा बुझाउने प्रक्रियाः | मिति २०८२ कार्तिक २५ गतेदेखि इच्छुक खरिदकर्ताले यो बचतपत्र खरिद गर्नको लागि यस कार्यालयको वेबसाइट www.pdmo.gov.np अन्तर्गत रहेको Investor Portal वा https://investor.doms.gov.np बाट अनलाइन आवेदन प्रक्रिया अनुसार बचतपत्रको आवेदन पेश गर्न सक्ने र पेश गरेको |

आवेदन खरिदकर्ताको बजार निर्माताले रुजु गरी स्वीकृत गर्ने व्यवस्था गरिएको।

**ख) खण्डित अवधिको ब्याज:** बजार निर्माताले आवेदकको खाता रूजु गरी आवेदन गरिएको रकम निष्कासन मितिसम्म रोक्का राख्नु पर्नेछ र निष्कासन मितिमा मात्र सम्बन्धित आवेदकको खाताबाट रकम खर्च गरिने भएकोले खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने छैन।

**ग) बचतपत्रको किसिम:** स्टकको रुपमा जारी हुने।

**घ) आवेदन रकम भुक्तानी विधि:** यो बचतपत्र निष्कासन हुने मितिमा बजार निर्माताबाट आवेदकको खातामा रोक्का रहेको रकम एकमुष्ठ नेपाल सरकारको वित्तीय आम्दानी खातामा जम्मा गरिने।

**ङ) आवेदन साथ पेश गर्नुपर्ने कागजात:**

१. कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि),
२. खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण र
३. आवेदन बराबरको रकम आफ्नो बैंक खाताबाट खर्च गर्न स्वीकृति दिएको अनुसूची-३ (कार्यालयको Website मा रहेको) बमोजिमको ढाँचामा अख्तियारी पत्र *https://investor.doms.gov.np* मा अनिवार्य रुपमा **Upload** गर्नुपर्ने,
४. परिवारको नाममा खरिद गर्न चाहेमा नाता खुल्ने कागजात।

(**Upload** गर्ने कागजात ***PDF,JPG वा JPEG*** को **Format** मा हुनुपर्ने र प्रत्येक कागजात **५ MB** भन्दा कम हुनुपर्ने ।)

**च) आवेदन अस्वीकृत हुन सक्ने:** रीतपूर्वक पेश नभएका वा आवश्यक कागजात पेस नगरेका आवेदनकर्ताको आवेदन अस्वीकृत हुन सक्ने।

**छ) बाँडफाँट सम्बन्धी व्यवस्था:**

१. सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिलो पाउने प्रक्रियाबाट बाँडफाँट गरिने।
२. ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम बाँडफाँट तथा निष्कासन गरिने।

**ज) प्रमाणपत्र सम्बन्धी व्यवस्था:** खरिदकर्ताको Investor Portal मा रहेको Dashboard मा Digital रूपमा उपलब्ध हुने।

**झ) अन्य व्यवस्था:** यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० र ऋणपत्र निष्कासन तथा सञ्चालन समितिको निर्णय बमोजिम हुने।

**ञ) थप जानकारी:** थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०१-४५३८३५९ वा यस कार्यालयको इमेल ठेगाना investorsupport@pdmo.gov.np मा सम्पर्क गर्न सकिने।

नेपाल सरकार
अर्थ मन्त्रालय
सार्वजनिक ऋण व्यवस्थापन कार्यालय
काठमाडौं